**कोभिडबाट सचेत रहौं**
- कोरोना सङ्क्रमणको जोखिम अझै कायम छ ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्दछ ।
- तत्काल कोरोनाविरुद्धको खोप लिऔं ।
- जमघट तथा भीडभाडमा जाँदा स्वास्थ्य सुरक्षा अपनाऔं ।
- अनिवार्यरूपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।


नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ चैत २४ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 07 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३२

## स्थानीय तहलाई मजबूत बनाऔं– वाणिज्यदूत शैलेन्द्र



तस्वीरः प्रतीक

प्रस, वीरगंज, २३ चैत/

वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका वाणिज्यदूत शैलेन्द्र कुमारले स्थानीय निकायको मेरुदण्डको रूपमा रहेको स्थानीय तहलाई सबैले मजबूत बनाउनुपर्ने बताएका छन् ।

मधेसी पत्रकार समाज नेपालले आयोजना गरेको 'हीरो अफ दी मधेस'मा छनोट भएकाहरूलाई पुरस्कृत गर्दै वाणिज्यदूत शैलेन्द्र कुमारले नेपालका अन्य प्रदेशका साथै मधेस प्रदेशको विकासमा भारत सरकार अग्रसर रहेको दाबी गरे । उनले अहिले पनि मधेसमा भारत सरकारको सहयोगमा थुप्रै योजना सञ्चालनमा रहेको र थप योजनाहरू आउने क्रममा रहेको बताए ।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष अशोक बैदले सातवटै प्रदेशमध्ये मधेस प्रदेश सबै दृष्टिकोणबाट सक्षम भएको दाबी गरे । उनले यो प्रदेशमा सबैभन्दा बढी औद्योगिक क्षेत्र भएको बताए । पर्यटनको प्रचुर सम्भावना रहेको र प्रचारप्रसारको अभावले यहाँका पर्यटकीय क्षेत्रहरू ओझेलमा परेको बताए ।

कार्यक्रममा वीउवासङ्घका पूर्वअध्यक्ष अशोक टेमानी, डा दीपक शाक्य, सञ्जय यादव, विपिन वर्णवाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

२२ जिल्लामा विभिन्न विधामा ख्याति कमाएका र मधेसको पहिचान बनाउन भूमिका खेलेका व्यक्तिहरूलाई कार्यक्रममा पुरस्कृत गरिएको थियो ।

## पोखरिया अस्पतालमा केमिकल अभाव, सरोकारवालाहरु मौन

प्रस, पोखरिया, २३ चैत/

पोखरिया जिल्ला अस्पतालमा रहेको प्रयोगशालामा केमिकल अभाव हुँदा पनि सरोकारवालाहरू मौन छन् ।

प्रयोगशालामा चार महीनादेखि विभिन्न केमिकलहरूको अभाव रहेको र सोबारे अस्पताल व्यवस्थापन समिति, पोखरिया नगरपालिका कार्यालयलाई ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ नभएको मेसु डा सञ्जय गुप्ताले बताए ।



केमिकल अभावमा प्रयोगशालामा थन्किएको मेसिन । तस्वीरः प्रतीक

उनले प्रयोगशालामा केमिकल अभाव भएको र सबैखाले परीक्षणहरू चार महीनादेखि प्रभावित भएको भनी ध्यानाकर्षण गराउँदा पनि 'हुन्छ... हुन्छ...' भनेर अहिलेसम्म केमिकल उपलब्ध नगराइएको आरोप लगाए ।

पोखरिया जिल्ला अस्पतालमा दैनिक २५–३० जना बिरामी प्रयोगशालामा विभिन्न परीक्षण गराउन आउँछन् । पछिल्लो समयमा यो अस्पतालको प्रयोगशालामा जिल्लाकै उत्कृष्ट मेशिनहरू जडान गरिएका छन् ।

वीरगंजमा पनि सम्भव नहुने परीक्षणहरू पोखरियामा हुने गरेको मेसु डा गुप्ताले बताए ।

## यातना दिने प्रहरीमाथि कारबाही शुरू

प्रस, वीरगंज, २३ चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साले एकजना युवकलाई यातना दिएको आरोपमा दुईजना प्रहरीमाथि विभागीय कारबाही शुरू गरेको छ ।



जिल्ला प्रहरी कार्यालय, पर्सा । तस्वीरः फाइल

पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले वीरगंज महानगर–९ बस्ने वर्ष २५ का विजय श्रेष्ठलाई प्रहरीको थुनामा चरम यातना दिएको पुष्टि भएपछि दुईजना प्रहरीमाथि कारबाही अघि बढाएको बताए ।

जिप्रका पर्सामा कार्यरत सादा पोशाकका प्रहरीद्वय लालबाबू साह र फिरोज अन्सारीले गत शनिवार राति श्रेष्ठलाई यातना दिएको कसूरमा विभागीय कारबाही अगाडि बढाइएको प्रवक्ता खनालले बताए ।

गत शनिवार राति १० बजे घण्टाघर चोकमा श्रेष्ठलाई घुमुवा प्रहरीले नियन्त्रणमा लिएका थिए । उनीहरूले श्रेष्ठलाई जिप्रका पर्साको थुनुवा कक्षमा तातो पानी खन्याएर यातना दिएका थिए ।

प्रहरी यातनाबाट घाइते श्रेष्ठलाई भोलिपल्ट बिहानै वडाध्यक्ष मनोज कलवारको जिम्मा लगाएर छाडिएको थियो । प्रहरीले यातनापछि वडाध्यक्षलाई जिम्मा लगाउनुअघि युवकलाई तातो पानी खन्याएर घाइते हुने गरी यातना दिएकोबारे कसैलाई बताए लागूऔषध मुद्दामा फसाउने धम्की पनि दिएको पीडित युवकले बताएका छन् ।

घटनाबारे जिप्रका, पर्साका उच्च अधिकारीसमक्ष जानकारी पुगेपछि यसबारेमा सोधखोज शुरू भएको थियो । सो क्रममा प्रहरीले यातना पीडित युवक श्रेष्ठसँग बयान लिएको थियो र सो बयानमा दुईजना प्रहरीको नाम आएपछि उनीहरूविरुद्ध विभागीय कारबाई शुरू गरिएको प्रवक्ता खनालले बताए । युवकको बयानपछि प्रहरीले आन्तरिक अनुसन्धान अघि बढाएको थियो, जसमा दुवै प्रहरी दोषी पाइएपछि उनीहरूविरुद्ध विभागीय कारबाई अघि बढेको प्रवक्ता खनालले बताए ।



## विचारसार एवं सूक्तिहरू

**जीवनमा नियत र व्यक्तित्व त्यतिकै जरुरी हुन्छ, जति अनुभव र योग्यता ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# टिकटको तनाव

**स्थानीय तहको चुनाव नजीकिँदै गर्दा चौतर्फी तनाव बढ्दो छ। उम्मेद्वार बन्न चाहनेहरूलाई टिकट पाउँला कि, नपाउँला भन्ने तनाव । अधिकारप्राप्त कमिटी तथा समितिमा रहेका नेता, पदाधिकारीहरूलाई आफूले चाहेका उम्मेद्वारलाई टिकट दिलाउन नसकिएला कि भन्ने तनाव छ। त्यसैगरी, सर्वसाधारण मतदातालाई यसपालि आफ्नो मत कसरी सदुपयोग गर्ने वा विगतको जस्तै खेर जाने हो कि भन्ने तनाव। निष्ठावान् कार्यकर्ताभन्दा माथिका र टिकट दिने नेताभन्दा तलकालाई कुन पार्टी वा कुन समूहमा छलाङ्ग मार्दा टिकट हात पार्न सकिएला भन्ने तनाव। यही तनावको कारण एकले अर्कालाई लतार्ने, घचेट्ने, उचाल्ने, पछार्ने प्रतिस्पर्धा चलेको छ। एकातिर विभिन्न दलबीच कार्यगत एकता तथा चुनावी गठबन्धनको कुरा चलिरहेको छ भने अर्कोतर्फ एउटै दलभित्रका गुट–उपगुटबीच टिकटकै भागबन्डालाई लिएर अनमेल शुरू भएको छ ।**

**लोकतन्त्रको मेरुदण्ड आवधिक निर्वाचन हो। हाम्रो मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेपछि स्थानीय तहको एउटा मात्रै चुनाव भएको छ र हामी दोस्रो चुनावको संघारमा आइपुगेका छौं । संविधानले व्यवस्था गरेको तीन तहको सरकारमध्ये स्थानीय तहको सरकार नागरिकसँग प्रत्यक्ष जोडिने भएकोले यसले अरूभन्दा फरक महत्त्व राख्छ। स्थानीय तहको पहिलो पदावधि सकिन लाग्दासम्म यसको महत्त्व, उपादेयता तथा आवश्यकताबारे धेरै कुरा प्रस्ट भइसकेको छ। प्रदेश सरकारको आवश्यकताबारे राष्ट्रियरूपमा विभिन्न प्रश्न उठिरहेको भए तापनि स्थानीय तह सरकारबारे ठूलोरूपमा नकारात्मक प्रश्न उठेको छैन। स्थानीय तहलाई अझ अधिकार र स्रोतसाधन सम्पन्न गराउनुपर्ने महसूस गरिएको छ। मुलुकका सबै स्थानीय तहको संविधानतः अधिकार बराबर हो। उनीहरूले सङ्घ सरकारबाट पाउने अनुदानको मापदण्ड र वर्ग तथा स्तर अनुसार दर पनि एउटै हो। तर सबै स्थानीय तह एउटै रफ्तारमा चल्न सकेका छैनन्। कतिपय पालिकाको रफ्तार उच्च छ भने कतिपय पालिका सुतेको अवस्थामा छन्। स्थानीय तहको कामकारबाईको आधारमा फरक तहका बासिन्दाले फरक किसिमको मूल्याङ्कन गरिरहेका छन् । अधिकांश पालिकामा "स्थानीय तहका कारण धेरै राम्रा काम भएका छन्" भन्ने जनधारणा छ भने "स्थानीय तह नभएकै बेस" भन्ने सर्वसाधारण पनि कतिपय पालिकामा पाइएका छन् ।**

**स्थानीय तहका जनप्रतिनिधिहरूको कामको आधारमा सो पालिकाको जनधारणा बन्ने हो। पाँच वर्ष बित्न लाग्दा तीन वर्षको बजेट पनि निकासा दिन नसकेका पालिकाहरू छन् । नागरिकका सामान्य कामको लागि पनि कैंयन दिन धाउनुपर्ने अव्यवस्थित पालिकाहरू पनि छन् । योजनामा छुट्ट्याएको रकम अनियमितता हुने, पदाधिकारीबीचको झगडाले जनसेवा ठप्प रहने पालिकाहरू पनि छन् । त्यस्ता पालिकाका बासिन्दाहरूका लागि 'स्थानीय तह' शब्द नै ज्वरोमा दूध भने जस्तो भएको छ । जनप्रतिनिधिका कारण व्यवस्थामाथि नै प्रश्नचिह्न उठ्ने भएकोले त्यस्तो महत्त्वपूर्ण जिम्मेवारीमा पठाउनुपर्ने व्यक्ति तथा उम्मेद्वार चयनमा अधिकारप्राप्त कमिटी/समिति तथा पदाधिकारीहरूले निष्पक्षता र गम्भीरता पूर्वक निर्णय लिनुपर्छ । त्यसैगरी, मतदाताले पनि लहडमा नभई योग्यता, क्षमता र निष्ठावान् नेतृत्व चयन गर्नुपर्छ । चुनाव एउटा महत्त्वपूर्ण अवसर हो । यसमा तनाव होइन, उत्साहित हुनुपर्छ ।**

# दल बदल : कारण अनुमान

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

आजभोलि दल बदलको खेती निकै फस्टाएको छ। फूलको माला ठूला नेताको हातबाट लाउन पाउने मोहले हो कि एउटा खादा जीवनको उपलब्धि ठानेर घरमा सजाउनलाई हो, रङ्गीचङ्गी स्टेजमा माला लगाउने र खादा लगाउनेहरू बढिरहेका छन् ।

देशमा नयाँ संविधान जारी भएपछिको अवस्थामा दोस्रो चुनाव हुन थालेको छ पालिकाको । पालिकाको पहिलो चुनावको समयलाई पनि सम्झने हो भने अहिलेभन्दा खासै फरक परिदृश्य थिएन। त्यत्ति बेला पनि एउटा दललाई छाडेर अर्को दलमा जानेहरूको यसैगरी रङ्गीचङ्गी लर्को थियो। पहिलेदेखि निकै बलियो मानिएको प्रतिद्वन्द्वी राजनीतिक दल नेकपा एमालेलाई चुनावभन्दा पहिले निकै ठूलो धक्का लागेको थियो। चुनावमा अपेक्षाभन्दा निकै कम यस दलले सफलता पाएको थियो यस प्रदेशमा। मधेसवादी दलको सबैभन्दा बढी चहलपहल थियो। नेपाली काङ्ग्रेस पनि रक्षात्मक र सामान्य अवस्थामा थियो। माओवादी आक्रामक प्रचारमा थियो।

अहिले परिदृश्य बदलिएको छ। महेन्द्र राजमार्गको सेरोफेरोमा बढी मात्रामा केन्द्रित वा सफलता पाएको एमालेले अहिले धेरै अपेक्षा गर्न थालेको छ। अहिलेको अवस्थामा अधिकांश दलमा असन्तुष्ट मानिसहरूको लागि अन्तिम सहारा एमाले नै बनेको छ। अझ एमाले विभाजन भएर नेकपा एमाले र नेकपा एकीकृत समाजवादी गरी दुई दल अस्तित्वमा आएको तथा कतिपय ठाउँमा एमालेका अधिकांश नेता तथा कार्यकर्ताहरू नेकपा एसमा गएका हुनाले पनि धेरै ठाउँ खाली रहेको हुनुपर्छ। जहाँ ठाउँ खाली हुन्छ, त्यहाँ धेरैको नजर हुन्छ। सम्भवतः यसकारण पनि एमालेले सबैभन्दा बढी फूलको माला र खादामा खर्च गरिरहेको छ।

व्यङ्ग्यात्मक भाषामा पालिका सरकारको लागि ठूला माछाको परिचय पाएका धेरै मेयर तथा उपमेयरहरू एमाले भइसकेका छन् र कतिपय एमाले बन्ने तयारी गरिरहेका छन्। वर्तमान अवस्थामा निर्वाचित कतिपय दलका मेयर र उपमेयर पदसहित दल बदलिरहेका छन्। यो क्रम पछिल्लो चरणमा झन् तीव्र देखिएको छ। जतिजति चुनाव नजीकिँदैछ, एमाले बलियो हुँदै गएको धेरैले भनिरहेका छन्। सरकारमा पाँच दलीय गठबन्धन रहेको तथा गठबन्धन गरेरै पालिका चुनाव लड्ने बताउँदा अप्रत्यक्षरूपमा एमालेले झन् बढी सहयोग पाउने वातावरण बन्ने सर्वसाधारणले अनुमान गर्न थालेका छन्।

लगभग सबै दलले स्थानीय तहको निर्वाचनमा भाग लिने तयारी गरेका छन्। मधेस प्रदेशमा पनि नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा एस, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीले चुनाव लड्ने तयारी गरेका छन्। पहिले पनि यी दलहरूले चुनाव जितेका छन्। नेकपा एमालेबाट विभाजित भएको नेकपा एसमा नेकपा एमालेका पुराना नेता–कार्यकर्ताहरू रहेकाले दलको नाम मात्रै नयाँ हो, बाँकी सबै उस्तै वा समान हुन्। मधेसमा पहिले चुनावमा भाग नलिएको तर अहिलेको चुनावमा सहभागी हुन थालेको नयाँ दल जनमत पार्टी हो। यीबाहेक अन्य दलहरूले पनि चुनावमा भाग लिने सम्भावना, यस कारण अस्वीकार गर्न सकिँदैन कि अन्य धेरै दलहरू सक्रिय छन्। मधेस प्रदेशमा सबैभन्दा बढी रौतहटबाट दलहरूले चुनाव लड्ने भएका छन्। चुनावी प्रतिस्पर्धा आफ्नो ठाउँमा छँदैछ। लोकतन्त्रवादीहरू आवधिक निर्वाचनलाई नै लोकतन्त्रको आत्मा मान्दछन्। स्वच्छतापूर्वक र शान्तिपूर्ण किसिमले निर्वाचन सम्पन्न भएर नवनिर्वाचित पदाधिकारीको हातमा पालिका सरकार सञ्चालन हुनुपर्छ भन्ने मर्म नै वर्तमान चुनावको ध्येय हुनुपर्छ।

अहिले दलबदल गरिरहेकाहरू मुख्य रूपमा दुई किसिमका मानिस छन्। आफ्नो दलभित्र पालिकामा सुरक्षित महसूस नगर्नु र दल बदलेपछि सुरक्षित ठान्नु। यसमा गुह्य कुरा भनेको जसरी हुन्छ कुर्सी पाउनुपर्छ। सत्तामा मैं रहनुपर्छ भन्नु उपभोक्तावादी चिन्तन हो। स्थानीय तहको सरकारमा हुने शक्ति बल्ल समाज वा राजनीतिक दलले बुझेका छन्। र, अहिले प्रदेशसभा सदस्य पद छाडेर पालिका प्रमुखको निर्वाचन लड्न तयारी गरिरहेका धेरैजना छन्। पालिका प्रमुख हुनु भनेको सरकार प्रमुख हो र प्रदेश सभाको सदस्य हुनु भनेको व्यवस्थापिका सदस्य हुनु हो। पालिका त आफैंमा कार्यकारी पनि हो। कार्यकारी अधिकारसहितको पदमा अहिले आकर्षण बढेको छ।

अलिकति प्रभावशाली वडाध्यक्षको चाहना पनि पालिका प्रमुख नै रहेको छ। अलिकति कमजोर प्रदेशसभा सदस्यले त पालिका प्रमुखको पदलाई लोभी नजरले मात्र हेरिरहेका छन् तर अलिकति बलियोले भने आफ्नो पावरको प्रयोग गरेर कि आफैं, नभए आफ्नो घरमा वा आफन्तलाई पार्न खोजिरहेका छन्। यसैले गर्दा प्रभावशाली मानिसको खोजी बढेको हो। प्रभावशाली मानिसले सम्भव भएसम्म शक्तिशाली दलको छत्रछाया खोज्छ। राजनीतिक दलहरूलाई पनि प्रभावशाली व्यक्ति चाहिएको छ। यदि पुरानै संरचना छ भने पनि नयाँ मानिस आएर झन् प्रभाव बढी हुन्छ भने नयाँ मानिसलाई प्राथमिकतामा राख्नु दलहरूका लागि स्वाभाविक हो। चुनावी प्रतिस्पर्धामा जो जित्यो उही ठूलो मानिन्छ। कोही कसरी जित्यो भन्ने कुरो महत्त्वपूर्ण हुँदैन। चुनावमा जित्नेलाई टिकट दिनुपर्छ भन्ने मान्यता करीब सबै दलमा गइसक्यो। हरेक दलले प्रायः जित्न सक्ने व्यक्तिलाई नै पार्टीको उम्मेदवार बनाउन खोज्छ। यसको कारण पनि यही हो कि प्रतिस्पर्धामा जुन दलको सबैभन्दा बढी जनप्रतिनिधि छानिन्छन्, पालिकास्तरमा त्यही दल सबैको नजरमा ठूलो हुन्छ। र, आशङ्का नरहोस्, हरेक दल आफूलाई सकेसम्म ठूलो बनाउने प्रयासमा लाग्नुलाई पनि प्रजातान्त्रिक अभ्यास नै मान्नुपर्दछ। दलबदलको प्रसङ्ग हरेक दलमा तथा हरेक स्थानीय तहमा पुगेको सबैले बुझेकै छौं। चुनाव सम्पन्न नभएसम्म यो क्रम चलिरहने देखिन्छ।

दल बदल्न अभिप्रेरित गर्ने दुई कारण छन्। आफ्नो दलले जाजा र अर्को दलले आआ भन्ने अवस्था छ। कुनै दलमा असन्तुष्टि बढ्नासाथ दल परित्याग गर्ने हुटहुटी मनमा आइहाल्छ। कुनै दल परित्याग गर्ने र केही समय स्वतन्त्र भएर बसेर अनि कुनै अर्को दलमा प्रवेश गर्दा सबैलाई लाग्थ्योसोचविचार गरेर नै दलमा प्रवेश गरेको छ। तर अहिले अवस्था यस्तो छ कि एउटा दलबाट अर्को दलमा प्रवेश गर्न कतै कुनै आधार नै चाहिँदैन। कहीं कतै कुनै नीति, सिद्धान्त र कुनै सीमा मिल्नु आवश्यक छैन। एउटा दलमा छँदै अर्को दलमा प्रवेश गरेको अवस्था पनि छ। एउटा दलको टिकटबाट निर्वाचित जनप्रतिनिधि, मातृ दलबाट औपचारिक राजीनामा नदिई सोझै अर्को दलमा प्रवेश गर्नेहरू धेरै छन्। यसरी त एउटा पार्टीको चुनाव चिह्न लिएर जितेको मानिस जितेको पदमा बहाल रही अर्को दलको चुनाव चिह्नको प्रचार गरिरहेको छ। दलबदलले वर्तमान अवस्थामा केवल दल देखिरहेको छ। पहिले के कति आलोचना गरें वा कति नराम्रो भनेर आफैंले गाली गरेको बिर्सेर वा आँखा चिम्लेर चुनावको लागि टिकट पाउन र जसरी पनि चुनाव जित्न लालायितहरू दललाई चुनावको टिकट दिने र त्यही टिकटबाट विजयी हुने सपना देखिरहेका छन्। कतिपय अवस्थामा त केवल अरूलाई हराउनका लागि दल बदलेर अर्को दलमा गएका पनि छन् र बताइ पनि रहेका छन् कि मलाई टिकट नदिएपछि दल बदलेर मातृ दललाई हराउनुलाई नै आफ्नो विजय ठानेको छु तथा जनताले अलिकति सहयोग र साथ दिए पहिलेको चुनावमा जस्तै विजयी हुने कुरामा अलिकति पनि शङ्का छैन।

> **निस्सन्देह केही यस्ता उम्मेदवार छन् जसले कुनै पार्टी परित्याग गरे पार्टीलाई निकै घाटा लाग्ने र जुन पार्टीमा प्रवेश गरेको हो त्यसलाई निकै फाइदा हुन्छ तर कतिपय यस्ताले पनि रंग बदलिरहेका छन् जसबाट खासै असर पर्दैन ।**

दल बदल्दा दलको अवस्थामा परिवर्तन हुनुपर्ने हो। यदि प्रभावशाली व्यक्तिले पार्टी छोडेको छ भने सम्बन्धित पार्टीमा नकारात्मक असर परेको हुनुपर्ने र जुन दलमा प्रवेश गरेको हो, सो दलमा सकारात्मक असर परेको हुनुपर्ने हो। यस्तो भए वा नभएको पनि अनुमान लगाउन खासै कठिन हुँदैन। कुनै दलमा कुनै प्रभावशाली मानिसको प्रवेश भएपछि दलको अवस्थामा सुधार भएको साधारण गफगाफमा सबैले महसूस गर्नेगरी देखिएको र फलानोले दल त्याग गरेपछि पहिलेदेखि काम गरेको दलको अवस्थामा केही नकारात्मक असर परेको भन्ने महसूस सबैले गरेको अवस्था छ कि छैन? निस्सन्देह केही यस्ता उम्मेदवार छन् जसले कुनै पार्टी परित्याग गरे पार्टीलाई निकै घाटा लाग्ने र जुन पार्टीमा प्रवेश गरेको हो त्यसलाई निकै फाइदा हुन्छ तर कतिपय यस्ताले पनि रंग बदलिरहेका छन् जसबाट खासै असर पर्दैन।

अहिले चलिरहेको दलबदलको कारण वर्तमान संरचना र आगामी पालिका चुनाव परिणाममा पनि प्रभाव पार्ने सम्भावना रहेको अनुमान गर्न सकिन्छ। कतिपय कमजोर दल बलियो हुनुका साथै अन्य सम्भावनासमेत रहेको छ।

# सुपारी आयातको अनुमति तत्काल रोक्न संसदीय समितिको निर्देशन

काठमाडौं, २३ चैत/रासस

प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले सुपारी आयातको अनुमति तत्काल रोक्न निर्देशन दिएको छ। बुधवार समितिको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव, उद्योग विभाग र वाणिज्य विभागका महानिर्देशकसँग छलफल गर्दै तत्काल सुपारीको आयात रोक्न निर्देशन दिएको हो।

समितिका सभापति विमलप्रसाद श्रीवास्तवले दाङ, भैरहवा, नेपालगंजलगायतका जिल्लामा अनुगमनका लागि जान लागिएको भन्दै तत्काल आयात अनुमति रोक्न निर्देशन दिएका हुन्। "हामीले सुपारी, मरिचलगायतका प्रतिबन्ध लगाइएका वस्तुको आयात रोक्नुपर्ने माग राख्दै आएका थियौं, अहिले देशमा विदेशी मुद्रा सञ्चिति कम हुँदै गएको समयमा अनावश्यक वस्तुको आयात अनुमति दिनु उचित छैन, हामी भोलिदेखि केही दिन तराईका जिल्लामा स्थलगत अनुगमनमा जाँदैछौं, हामी अनुगमन सकेर फर्किएपछि थप निर्णय गर्छौं, अहिले तत्काल सुपारी आयातको अनुमति रोक्नुस्," उनले भने।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गत फागुन २६ गते राजपत्रमा सूचना प्रकाशन गरेर औद्योगिक प्रयोजनका लागि सुपारी,

(बबाँकी पाँचौं पातामा)

# अविलम्ब बन्द हुनुपर्छ निजीकरण

पाठक/पत्र प्रतिक्रिया

२१ गते प्रतीकमा अनन्तकुमारलाल दासको लेख 'शिक्षामा निजीकरणको आवश्यकता' पढें।

ब्रह्माले मानिस बनाए। सुनिन्छ कि विश्वामित्रले देउताहरूको प्रतिस्पर्धामा नरिवल बनाइदिए। उनको प्रयोग सफल भएको भए मानिस रूखमा फल्ने थिए र नरिवलको सट्टामा मानिस यज्ञ अथवा आगोमा जल्ने थिए।

तर आज विश्वामित्रको निजीकरणरूपी शिक्षा र स्वास्थ्य संस्था हामीकहाँ सफल भएको छ। मानिस मात्र होइन, सुपर मानिस त्यसै रूखमा फलिरहेका छन्।

फलस्वरूप ब्रह्माले बनाएका मानिस आगोमा जल्नुपरेको छ। त्यही बकम्फुसे काम हो, नेपालमा निजीकरणका शिक्षा र स्वास्थ्य संस्थाहरू। यस सन्दर्भमा लेखकले अमेरिका, इङ्गल्यान्ड, जापान आदिको उदाहरण पेस गरेका छन्, जुन महाविकसित देश हुन्। के हाम्रो राष्ट्र त्यति विकसित छ? अविकसित राष्ट्रको उदाहरण पछ्याउने कि विकसितको? यो ठीक छ कि अमेरिकामा विश्वविद्यालय वा विद्यालय खोल्न सरकारसित अनुमति लिनुपर्दैन। धनी वा भनौं धन भए पुग्छ। तर हामीकहाँ त्यो अनुमतिविना सम्भव छ? हामीकहाँ धनवान्ले विद्यालय खोल्दैनन्। धन नभएकाले धन थुपार्नको लागि खोल्छन् र मालामाल हुन्छन्। भारतमा जति सरकारी शिक्षण संस्थान, एम्स, आइआइटी र नवादाहरू सफल छन्, त्यसको टक्करमा मैले कुनै निजी स्वास्थ्य वा शिक्षण संस्था सफल भएको पाएको छैन। यसविपरीत निजी शिक्षा र स्वास्थ्य संस्थाहरू ब्रह्मलुटका खजाना मात्र बनेका छन्। एकाध अपोलो वा मेदान्ता भर्खर उदाएका छन्। नेपालमा खेलका फराकिला मैदान जति सरकारी विद्यालयमा छन्, त्यति निजी विद्यालयमा विरलै पाइन्छ।

विकसित राष्ट्रको उदाहरण दिनु छ भने स्केन्डेभियन राष्ट्रको दिनुस् र फेरि हेर्नुस् तपाईंको सिफारिशको स्थान कहाँ रहेछ? यस देशमा गरीब र धनीबीच गहिरो खाडल बढाउने, दुई असमान नागरिक बनाउने निजीकरणले आगोमा जलाउने नरिवललाई बचाइ ब्रह्माले बनाएको मानिसलाई आगोमा झोस्ने काम गरेको छ।

यो प्रक्रिया यस गरीब देशमा अविलम्ब बन्द हुनुपर्छ।

डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# मिथिलाञ्चलमा चैती छठ शुरू

जलेश्वर, २३ चैत/रासस

महोत्तरीलगायत सम्पूर्ण मिथिलाञ्चलवासीको महान् पर्व चैती छठ उत्सव अन्तर्गत बुधवार धार्मिक विधिपूर्वक खर्ना पर्व मनाइएको छ।

चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने चैती छठ पर्व अन्तर्गत तराईको महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सालगायतमा आज धूमधामका साथ खर्ना पर्व मनाइएको छ।

चैती छठ पर्व महोत्तरीको जलेश्वर, मटिहानी, सुगा, गौशाला, पिपरा, सम्सी, बर्दिबासलगायत अन्य शहरी एवं ग्रामीण क्षेत्रमा रहेका विभिन्न पोखरी, तलाउ तथा जिल्लाका प्रसिद्ध नदीहरू बिग्ही, रातो मरहा, जङ्हा, अङ्कुशे नदी तथा नहरका किनारमा धार्मिक विधिपूर्वक मनाइँदै आइएको छ। सत्य, अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस



तस्वीरः प्रतीक



तस्वीरः फाइल

(बाँकी चौथो पातामा)

# कृषिको आधुनिकीकरणका लागि उपाय खोज्दै नेपाल–भारतका अधिकारी

काठमाडौं, २३ चैत/रासस

कृषियोग्य माटोमा हुने सूक्ष्म खाद्य पोषक तत्त्वको अवस्था र कृषि उत्पादकत्व वृद्धिका लागि आवश्यक उन्नत जातका बीउ, मलखाद र कृषि औजार प्रयोगका बारेमा बृहद् छलफल गरी उचित निष्कर्ष निकाल्ने उद्देश्यका साथ राजधानीमा तीन दिने गोष्ठीको आयोजना गरिएको छ।

कृषि तथा पशु विकास मन्त्रालयको प्राविधिक सहयोगमा साल्ट ट्रेडिङ कर्पोरेशन र इन्डियन पोटास लिमिटेडको संयुक्त आयोजनामा बुधवारदेखि शुरू भएको गोष्ठीमा कृषिको आधुनिकीकरणका विविध विषयमा छलफल हुनेछ। सम्मेलनमा नेपाल सरकारका उच्च अधिकारी, प्रदेश सरकारका अधिकारी, कृषि वैज्ञानिक, सरोकारवाला तथा भारतका प्रख्यात कृषि वैज्ञानिकको सहभागिता छ।

नेपालमा कृषिका लागि अत्यावश्यक मल, बीउ तथा औजारका अवस्था तथा सङ्घ र प्रदेशमा तिनका अवस्थाका बारेमा जानकारी लिँदै त्यस क्षेत्रमा सुधार गर्न अवलम्बन गर्नुपर्ने उपायका बारेमा छलफल गर्ने उद्देश्यले गोष्ठीको आयोजना गरिएको साल्ट ट्रेडिङ कर्पोरेशनले जनाएको छ।

तीन दिनसम्म हुने छलफलमा उन्नत जातका बीउबिजन, मलखाद, कृषि औजार तथा कृषि अनुदानको प्रभावकारिता वृद्धिका लागि आवश्यक सुझाव प्राप्त हुनेछ। कृषिजन्य उत्पादनको अन्तर्राष्ट्रिय व्यापारका बारेमा पनि गोष्ठीमा छलफल हुनेछ। यस्तै, छिमेकी भारतमा कृषिमा दिइने अनुदानका बारेमा पनि अनुभव आदानप्रदान हुनेछ।

कार्यक्रमका दौरान विभिन्न एक दर्जन बढी विषयमा सामूहिक छलफल हुनेछ। गोष्ठीमा नेपालको मलखाद नीति र अनुदान प्रक्रिया, माटोमा हुने खाद्य पोषक तत्त्वको अवस्था, माटोका प्रकार र तिनमा आवश्यक पोषक तत्त्वका बारेमा विषय विज्ञबाट छलफल हुनेछ।

यस्तै, रासायनिक मलको अन्तर्राष्ट्रिय बजार, प्रादेशिकरूपमा कृषिको अवस्था, कृषिका विविध क्षेत्रमा सरकारी अनुदानको वितरणमा भएका कमजोरी, त्यस अवस्थामा सुधार ल्याउने, भारतको अनुदान प्रणालीका सम्बन्धमा अनुभव आदानप्रदान, कृषिको यान्त्रीकरण, औजारको उचित प्रयोगका विषमा पनि बृहत् छलफल हुने कर्पोरेशनले जनाएको छ।

नेपाल र भारतको भौगोलिक अवस्था करीब एकै प्रकारको रहेका कारण दुवै देशका वैज्ञानिकले एकअर्काका अनुभव आदानप्रदान गरेर किसानले अधिकतम लाभ लिन सक्ने कर्पोरेशनका उपप्रमुख कार्यकारी अधिकृत कुमार राजभण्डारीले जानकारी दिए। नेपालको कृषि क्षेत्रको सुधार तथा गुणस्तरीय मलखाद, उन्नत बीउबिजन र औजार उचित प्रयोग गरी गरेर कृषि उत्पादन बढाउन कर्पोरेशन लागिपरेको छ।

नेपाल सरकारले अनुदानको रासायनिक मलको आयात र बिक्री वितरण गर्ने जिम्मेवारी कर्पोरेशनलाई दिएको छ। कृषिको आधुनिकीकरणसँगै कृषि उत्पादन बढ्ने, किसानको आयस्तरमा वृद्धि हुने, माटोको गुणस्तर अनुसार विभिन्न मल, बीउ र औजारको प्रयोग गरी उत्पादन बढ्ने सरकारको अपेक्षा छ। सम्मेलनका क्रममा प्रस्तुत हुने दस्तावेज, छलफलबाट निस्कने निष्कर्ष तथा सुझावले नेपालको कृषि क्षेत्रको रूपान्तरणमा सहयोग मिल्ने अपेक्षा गरिएको उनले बताए।

उद्घाटन सत्रमा कर्पोरेशनका अध्यक्ष कल्याणगोविन्द श्रेष्ठले नेपाल र भारतका सरोकारवाला सहभागी यस गोष्ठीले नेपालको कृषि क्षेत्रको विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे।




तस्वीरः रासस



**प्याराग्लाइडिङ प्रतियोगिता** : नेपाल हवाई खेलकुद संस्था (ना)को आयोजनामा पोखरामा बुधवारबाट शुरु भएको २० औं नेपाल खुला प्याराग्लाइडिङ प्रतियोगितामा सहभागी हुँदै एक प्रतियोगी । तस्वीरः रासस

# 'लागूऔषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना' तयार

काठमाडौं, २३ चैत/रासस

झन्डै आधा दशकअघि निर्माण भएको लागूऔषध (नियन्त्रण) ऐन २०३३ लिनुपर्नेमा जोड दिएका थिए। कतिपय सजायको सवालमा समेत समयसापेक्ष सम्बोधन हुन नसकेको प्रहरी




प्रतिस्थापन गर्ने गरी सरकारले 'लागूऔषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना' निर्माण गरेको छ।

बढ्दो लागूऔषध दुरुपयोग र अवैध ओसारपसारका कारण विश्वव्यापीरूपमैं आपराधिक क्रियाकलापमा वृद्धि भएको र युवा जनशक्ति कुलतमा फसेर त्यसै खेर जाने अवस्था भएकाले त्यसलाई रोक्न र समाजमा सचेतना जागृत गराउने गरी पञ्चवर्षीय गुरुयोजना निर्माण गरिएको छ।

गृह मन्त्रालयले तयार पारेको उक्त गुरुयोजना आउँदो वर्षदेखि नै लागू हुनेछ। गुरुयोजनाले मुख्यगरी लागूऔषध प्रयोगबाट हुने सङ्क्रमण जोखिम न्यूनीकरण, प्रयोगकर्ताको भरपर्दो उपचार र पुनर्स्थापना, अवैध ओसारपसार नियन्त्रण तथा अपराध न्यूनीकरणका लागि सहकार्य र साझेदारी गर्ने उद्देश्य लिएको छ।

गृहसचिव टेकनारायण पाण्डे लागूऔषधको प्रयोग गर्दा भविष्यमा के असर गर्छ भन्ने कुराको ज्ञान नभएका व्यक्तिलाई प्रयोग गरेर कारोबारीले उद्देश्य पूरा गरिरहेकाले त्यसलाई लक्षित गरेर गुरुयोजना तयार पारिएको बताउँछन्। विसं २०७८ देखि २०८४ सम्म गरिने क्रियाकलाप समेटेर गुरुयोजना तयार पारिएको छ।

"लागूऔषध प्रयोगको अवस्था बढ्दो छ, यसले आपराधिक गतिविधि बढाइरहेको छ, सीमा चोरी/तस्करी भइरहेको, युवा जनशक्तिको सिर्जनशीलता ध्वस्त पारेको छ," गृहसचिव पाण्डेले भने, "गुरुयोजना त्यस्ता गतिविधि रोकथाम गर्दै सभ्य समाज निर्माण गरी, मुलुकका युवालाई बचाउनका लागि हो।" उनका अनुसार क्रमशः आवश्यकताका आधारमा संविधानले दिएको परिधिभित्र रहेर कानून तर्जुमा पनि गरिनेछ।

नेपालको पछिल्लो तथ्याङ्कलाई हेर्ने हो भने पनि लागूऔषध प्रयोगको अवस्था गम्भीर चुनौतीपूर्ण छ। प्राप्त विवरण अनुसार नेपालमा एक लाख ३० हजार प्रयोगकर्ता रहेकामा आठ हजार ३७२ महिला छन्। वार्षिकरूपमा ५.०६ प्रतिशतले प्रयोगकर्ता बढिरहेका छन्। कारागारमा रहेका कैदीबन्दीको अवस्था हेर्दा २१ प्रतिशत लागूऔषध कारोबारमा संलग्न भएको पाइएको छ। उक्त तथ्याङ्कको न्यूनीकरणका लागि पनि गुरुयोजना आवश्यक देखिएको गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेल बताउँछन्।

गुरुयोजनाको कार्यनीतिमा नै लागूऔषध (नियन्त्रण) ऐन २०३३ लाई प्रतिस्थापन गर्दै उपचार तथा पुनर्स्थापना केन्द्रसम्बन्धी प्रोटोकल र मापदण्ड तयार पार्ने, पाठ्यक्रममा लागूऔषधका विषय समावेश गर्ने, लागूऔषध नियन्त्रण विभाग स्थापना गर्ने, लागूऔषध विश्लेषणसम्बन्धी सफ्टवेयरको विकास गर्ने रहेको छ।

यसले केही हदसम्म सरकारको लक्ष्य पूरा हुने अपेक्षा गरिएको गृह मन्त्रालयका उपसचिव गोकर्णप्रसाद उपाध्यायको भनाइ छ। विसं २०३३ मा बनेको ऐन पुरानो भएको र यसले प्रयोगकर्तालाई अपराधी घोषित गरेको भनी यससँग काम गर्दै आएका सामाजिक संस्थाले संशोधनको माग गर्दै आएका थिए। उनीहरूले यसलाई रोगका रूपमा लिनुपर्नेमा जोड दिएका थिए। कतिपय सजायको सवालमा समेत समयसापेक्ष सम्बोधन हुन नसकेको प्रहरी अधिकारीहरूको गुनासो रहँदै आएको थियो। त्यसैले ऐन संशोधनको टड्कारो आवश्यकता महसूस गरिएका बेला गृह मन्त्रालयले उक्त ऐन प्रतिस्थापन गर्ने गरी गुरुयोजना तयार पारेको छ।

कानून संशोधन तथा मापदण्ड बनाउनेदेखि अन्य सचेतनामूलक कार्यक्रम पनि सँगसँगै सञ्चालन हुनेछ। गुरुयोजनाका विषय आगामी बजेटबाटै समावेश गर्ने गरी मन्त्रालयले तयारीसमेत थालेको छ। यसभित्र तीनै तहको सरकार, गैरसरकारी संस्था सामाजिक संस्था, निजी क्षेत्र, पत्रकार, नागरिक समाजलगायत सरोकारवाला क्षेत्रमार्फत एकीकृत कार्यक्रमको रूपरेखा तयार पारिएको छ। कसले के काम गर्ने भन्ने कुरासमेत तोकिएको छ।

गुरुयोजना कार्यान्वयनका लागि गृह मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको कार्यकारी समितिको प्रत्यक्ष निर्देशन तथा प्रचलित कानूनका आधारमा मन्त्रालयको लागूऔषध नियन्त्रण शाखा, नेपाल प्रहरी र सशस्त्र प्रहरी, प्रदेश र स्थानीय तह, निजी क्षेत्र, गैरसरकारी संस्था नागरिक समाज तथा सञ्चारमाध्यमका प्रतिनिधिसमेतको सहभागितामा गुरुयोजना कार्यान्वयन संयन्त्र हुनेछ।

सङ्घीय सरकारले मूलतः कानून तथा अन्य आवश्यक मापदण्ड तर्जुमा गर्नेछ। स्थानीयस्तरमा कार्यक्रम सञ्चालन, सचेतना, दुरुपयोग रोकथाम तथा नियन्त्रणका लागि जिल्ला प्रशासन र प्रहरीले हेर्नेछ। यस्तै, ओसारपसार बेचबिखन, प्रयोग र सङ्गठित अपराध रोक्नका लागि लागूऔषध नियन्त्रण ब्युरोको भूमिका रहनेछ।

प्रदेशको लागूऔषध प्रयोग रोकथाम, नियन्त्रणमा आवश्यक रणनीति लिने, सचेतना फैलाउने, तालीम, अभिमुखीकरणको भूमिका रहने गरी योजना बनाइएको छ। यस्तै, स्थानीय तहले भने सङ्घ र प्रदेशबाट निर्धारण भएका कार्यक्रममा सहयोग, समन्वय, साझेदारी गर्न भूमिका निर्वाह गर्ने उल्लेख छ। यस्तै, अवस्था र जोखिमका आधारमा कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्नेछ। अन्य निकायसँग ती कार्यक्रममा समन्वय र साझेदारी गरी योजना लागू हुने जनाइएको छ।

नेपालको १५औं योजनामा शान्ति सुव्यवस्था र सुरक्षा अन्तर्गत लागूऔषध नियन्त्रणको विषय समावेश भएको छ। उक्त योजनामार्फत सरकारले बहुसरोकारवालासँगको साझेदारीमार्फत सामाजिक विकृति विसङ्गति, द्वन्द्व, अपराध, हिंसा र लागूऔषध कारोबार तथा दुर्व्यसन नियन्त्रणको रणनीति लिइएको छ।

यस्तै, लागूऔषध दुर्व्यसनमा परेका व्यक्तिलाई उपचार पुनर्स्थापना गरी उद्यमशील र आत्मनिर्भर बनाइने उल्लेख छ। विभिन्न कानून तथा राज्यले निर्धारण गरेको योजना अनुसार त्यसलाई प्रभावकारी बनाउने गरी गुरुयोजना बनाइएको गृह मन्त्रालयका सहसचिव डा भीष्मकुमार भुसालले बताए।

उनका अनुसार मङ्गलवार मात्रै गृहमन्त्रीबाट गुरुयोजना स्वीकृत भई अब कार्यान्वयनको चरणमा अघि बढेको हो। उनले उत्पादनशील युवालाई जोगाउनु नै यसको दीर्घकालीन महत्त्व रहेको बताए। त्यसैले पाठ्यक्रममैं समावेश गर्ने गरी प्रक्रियासमेत अघि बढाइएको छ।

# सर्वोच्चको आदेशः ‘राष्ट्रिय–अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने कानूनी शिक्षाको व्यवस्था गर्नू’

काठमाडौं, २३ चैत/रासस

सर्वोच्च अदाललते कानूनी शिक्षा क्षेत्रको समग्र विकासका लागि एक उच्चस्तरीय अध्ययन समिति गठन गर्न नेपाल कानून व्यवसायी परिषद्लाई निर्देशनात्मक आदेश जारी गरेको छ।

कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की र न्यायाधीश हरिप्रसाद फुयाँलको संयुक्त इजलासले यही चैत ३ गते राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकता पूरा गर्ने र राज्यको प्रतिरक्षा गर्न सक्ने गरी कानूनी शिक्षा प्रदान गर्न उक्त आदेश गरेको हो।

“पाठ्यक्रम, कानून अध्ययन प्रणाली, विद्यार्थी सङ्ख्या, प्रवेश परीक्षा र भर्ना प्रक्रिया, प्राध्यापन गराउने जनशक्ति, मूल्याङ्कन तथा परीक्षा प्रणाली, पूर्वाधार अध्ययन, शुल्कजस्ता विषयमा उक्त परिषद्मार्फत एक उच्चस्तरीय अध्ययन समिति गठन गर्नू,” आदेशमा भनिएको छ, “सरोकारवालासँग आवश्यक परामर्शसमेत गरी संविधानले परिकल्पना गरेको उद्देश्य प्राप्त गर्ने प्रकृतिको विपन्नमैत्री तथा समावेशी चरित्र भएको, राष्ट्रिय आवश्यकता पूरा गर्ने र अन्तर्राष्ट्रियरूपमा प्रतिस्पर्धासमेत गर्न सक्ने खालको कानूनी शिक्षा प्रदान गरी राज्यको प्रतिरक्षा हुने तथा आमजनताका न्यायको हक संरक्षण हुने उद्देश्यसहित सुधारको प्रक्रिया अघि बढाउन यथाशीघ्र पहल गर्नू।”

अदाललते समग्र न्याय क्षेत्रको विकास तथा कानूनी व्यवसायका लागि शैक्षिक मापदण्ड निर्माण र अनुगमन गर्नका लागि परिषद्का अध्यक्ष तथा महान्याधिवक्ताका नाममा निर्देशनात्मक आदेश जारी गरेको हो।

उक्त आदेशमा यस्ता कानूनी शिक्षा प्रणालीले समग्र न्याय प्रणालीमा असर पार्ने भएकाले नेपालको कानून तथा न्याय क्षेत्रका लागि दक्ष जनशक्ति निर्माण गर्न


तस्वीरः फाइल

र स्तरीय कानून शिक्षालाई प्रोत्साहन दिनका लागि विश्वविद्यालयसँग परामर्श गर्नू भनिएको सो आदेशमा समग्र न्याय क्षेत्र र कानून व्यवसायीका लागि उपयुक्त शैक्षिक मापदण्ड सिफारिश गर्न र अनुगमन गर्ने भूमिकासमेत परिषद्को रहेको उल्लेख छ।

कानूनी विषयमा भर्ना हुन विश्वविद्यालयहरूले आफूअनुकूल छुट्टाछुट्टै योग्यता र प्रवेश परीक्षा सञ्चालन गरिआएकामा तत्कालका लागि एकरूपता र गुणस्तरीयता कायम हुने गरी स्तर तोक्न र क्रमिकरूपमा एकात्मक प्रवेश परीक्षा प्रणाली विकास गरी लागू हुने व्यवस्था गर्न पनि सर्वोच्चले भनेको छ।

आदेशमा माध्यमिक तह दश जोड दुईको कानून विषयमा भर्ना हुने जनशक्तिको योग्यताको हकमा ‘ग्रेड सी’भन्दा माथि वा सोसरहको अङ्क प्राप्त गरेमा मात्र भर्ना गर्न पाउने मापदण्ड निर्धारण गर्नाका लागि उच्च माध्यमिक शिक्षा परिषद्लाई आवश्यक निर्देशन दिनसमेत भनिएको छ। कानूनी अध्ययन पूरा नभएसम्म विश्वविद्यालयहरूसँगको समन्वय र सहकार्यमा शिक्षण संस्थाको न्यूनतम पूर्वाधार निर्धारण गर्न र कार्यरत जनशक्तिको आधारमा विद्यार्थी सङ्ख्या निर्धारण गरी आवश्यक व्यवस्था गर्न आदेशमा भनिएको छ।

परिवर्तित विश्वपरिवेशबमोजिम नेपालको कानून र न्यायप्रणालीमा आवश्यक प्रतिस्पर्धी दक्ष जनशक्ति परिपूर्ति गर्न विद्यमान कानूनी शिक्षाको पाठ्यक्रममा सैद्धान्तिक र व्यावहारिक पक्षको सन्तुलनसहितको विषयवस्तुलाई समावेश गर्न गराउन पनि आदेशमा उल्लेख गरिएको छ। “कानूनको अध्यापनमा एकरूपता ल्याउन क्रमिकरूपमा विश्वविद्यालय तथा सो अन्तर्गतका कलेजहरूमा कानून विषयको अध्ययनमा वार्षिक वा सेमेस्टर प्रणाली वा अन्य कुनै प्रणाली लागू गर्न यसअघि गरिएका अध्ययन प्रतिवेदनसमेतलाई मध्यनजर गरी आवश्यक प्रबन्ध मिलाउन पनि आदेशमा भनिएको छ।

त्यस्तै, माध्यमिक तह (दश जोड दुई)बाट उत्पादित कानूनी जनशक्तिले न्याय क्षेत्रको आवश्यकतालाई परिपूर्ति गरे/नगरेको सम्बन्धमा मूल्याङ्कन गरी माध्यमिक शिक्षा परिषद्मार्फत आवश्यक सुधार प्रारम्भ गर्नेसमेत जोड दिइएको छ। कानून व्यवसायी परिषद्को विद्यमान कानूनी व्यवस्थामा आवश्यक संशोधन गरी सङ्गठनात्मक संरचना, मानवीय शक्ति, बजेट र मूलतः कानून शिक्षा हेर्ने महाशाखा तथा त्यसका लागि उच्चस्तरको जनशक्ति र बजेटको व्यवस्था गर्न/गराउनसमेत सर्वोच्चको आदेशमा उल्लेख छ।

कानूनी शिक्षामा मातृसंस्थाको रूपमा रहेको नेपाल ल क्याम्पसलाई विशिष्टिकृत शिक्षण संस्थाको रूपमा स्थापित गर्न आवश्यक कार्य गर्न त्रिभुवन विश्वविद्यालयका उपकुलपतिका नाममा निर्देशनात्मक आदेश दिइएको छ। त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को आधारमा कानूनी शिक्षाको पठनपाठन भइरहेको छ।

अधिवक्ता यज्ञमणि न्यौपाने तथा नेपाल ल क्याम्पसको तीन वर्षे एलएलबीमा अध्ययनरत विद्यार्थी आतिश कार्की र बवीन्द्र बरालले न्याय क्षेत्रको सुधारका लागि कानूनी शिक्षाको समग्र सुधार माग गर्दै रिट निवेदन दायर गरेका थिए।

गुणस्तरीय कानूनी शिक्षा र व्यावसायिक कानून प्रणालीको विकासका लागि उक्त आदेश महत्त्वपूर्ण रहेको बताइएको छ।

## मिथिलाञ्चलमा चैती छठ......

पर्वको विशेषता रहेको छ।

सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यो नै एक यस्तो पर्व हो, जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ। पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दछ। चार दिनसम्म मनाइने यस पर्वको पहिलो दिन मङ्गलवार व्रतीहरूले नहा खा अर्थात् नुहाएर खाने गर्दछन् अर्थात् जीउ चोख्याउने काम गरेका थिए।

त्यस्तै, पर्वको दोस्रो दिन बुधवार खर्ना मनाइयो। खर्ना आजका दिन व्रतीहरूले दिनभरि उपवास निराहार बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कुलदेवताको पूजा गरेर राति अरवा अरबाइन (नून नहालेको) खानेकुरा खाने चलन छ।

त्यस्तै, षष्ठीका दिन अर्थात् (बिहीवार) साँझ गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटान–पिसान गरी सोबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा, खजुरिया, पेरुकिया जस्ता पकवान र विभिन्न फलफूल तथा मूला, गाजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा, नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशयनजीक बनाएको छठघाटसम्म पुग्नेछन्। षष्ठीका दिन व्रतीहरूले सन्ध्याकालीन अर्घ्यका लागि पानीमा पसेर सूर्य अस्ताउन्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दूर लगाएर अक्षता, फूल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्घ्य अर्पण गर्नेछन्।

त्यस्तै, त्यसको भोलिपल्ट अर्थात् शुक्रवार एकाबिहानै पुनः छठघाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोर्‍याइ प्रातःकालीन उदाउँदो सूर्यलाई अर्घ्य दिई छठ पर्व सम्पन्न गर्नेछन्। महाभारतका अनुसार द्रोपदीसहित पाण्डवहरू अज्ञातवासमा रहँदा उक्त गुप्तावास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए। उक्त समयमा पाण्डवहरू मिथिलाको किराँत राजाका क्षेत्रमा बास बसेको उल्लेख छ। लोककथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो।

सूर्य पुराण अनुसार सर्वप्रथम पत्नी अनुसुइयाले छठ व्रत गरेकी थिइन्। फलस्वरूप उनले अटल सौभाग्य र परिप्रेम प्राप्त गरिन् र त्यही बेलादेखि छठ गर्ने परम्पराको शुरुआत भएको तथ्य उल्लेख छ। धार्मिक आस्थाका साथसाथै सामाजिक सद्भावका रूपमा समेत विकसित छठ पर्व हिन्दूको सँगसँगै मुस्लिमहरूले पनि मनाउने गर्छन्। यस पर्वमा चढाइने पदार्थको सङ्ख्या ७० पुर्‍याउनुपर्छ तर चढाउने सामर्थ्य नभएकाहरू गम्हरी धानको चामल मात्र चढाए पनि देउता प्रसन्न हुने जनविश्वास रहेको छ।


बन्दी सुधारगृह (वीरगंज कारागार)मा कैन्दीबन्दी जीवन बिताइरहेकाहरु सीपमूलक कार्य गर्दै आएका छन्। उनीहरुले चोयाबाट कुर्सी र गलैंचाहरु बनाएर अर्थोपार्जन पनि गरिरहेका छन्। तस्वीरः पङ्कज श्रेष्ठ

## फरक समाचार

### यात्रामा ऊर्जावान् कसरी हुने

यात्रामा निस्किंदा थकाइ लाग्छ। तसर्थ यात्राको क्रममा आफूलाई तरोताजा र ऊर्जावान् राख्न केही घरेलु खाद्यान्न राख्न सकिन्छ।



**कागती:** कागती सानो भए पनि यसले ठूलो काम गर्छ। जब तपाईं यात्रामा निस्कनुहुन्छ तब कागती अवश्य राख्नुहोस् किनभने यो भिटामिन सीले भरपूर भएको कारण हामीले धेरै ऊर्जा पाउँछौं। यात्राको क्रममा कागतीलाई सिन्काले प्वाल पार्नुस् र थकाई अनुभूति हुन थालेपछि यसको दुई–तीन थोपा चुस्नुस्।

**शख्खर र बदामः** शख्खर मुटु र मस्तिष्क दुवैको लागि फाइदाजनक हो र यसले शरीरलाई निकै ऊर्जा दिन्छ। यदि घुमफिरको लागि शहरभन्दा बाहिर कतै लामो यात्रामा निस्किनुभएको छ भने थोरै शख्खर र बदाम अवश्य राख्नुस्। थकाइ लाग्ने बित्तिकै खानुस्, यसबाट शरीर पहिलेभन्दा सक्रिय र ताजा हुन्छ।

**काँचो चामलः** काँचो चामल खानाले पेट दुख्छ भनिन्छ तर यस्तो होइन। शरीरमा फुर्तीको लागि हरेक दिन काँचो चामल खानुहुँदैन तर यो त्यतिबेला खानुपर्छ जब कुनै पहाड वा लामो यात्रामा निस्कनुभएको छ। काँचो चामल थोरै खानुस् यसले यात्रा सहज बनाउँछ।

### कपडाको उमेर कसरी बढाउने

सिन्थेटिक कपडालाई राम्रो डिटर्जेन्टले धुनुपर्छ र छायामा सुखाउनुपर्छ। यस्ता कपडालाई जोडले निचोर्नुहुँदैन। हलुका निचोरेर केही समय धारामैं झुन्डयाउनुपर्छ र सुखाउनुपर्छ। साडीलाई ४–६ तहमा बेरेर सुकाउनुपर्छ।



जरीको कपडा घरमा नभई ड्राइक्लिनमा धुनुपर्छ। यदि त्यसमा कुनै खानेकुरा खसेको छ भने रूमाल वा कपासलाई पेट्रोलमा चोपेर हलुका हातले सफा गर्नुपर्छ। यस्ता कपडालाई सेन्टको सुगन्धभन्दा टाढा राख्ने तथा दराजमा सुती मलमलको कपडामा बेरेर राख्नुपर्छ। सो स्थानमा नीमको सुक्खा पात राख्नुपर्छ।

सुतीको हलुका रङ्गको वस्त्रलाई मेशिनमा वा हातले अलग्गै भिजाएर धुनुपर्छ किनभने रङ्गदार कपडासँगै धुँदा सुतीमा रङ्ग सर्छ। सेतो वस्त्र अलग्गै धुनुपर्छ। कपडा बढी तातो पानी र शक्तिशाली डिटर्जेन्टमा धुनुहुँदैन। यदि रङ्गदार सुती वस्त्रबाट रङ्ग निस्किन्छ भने आधा घण्टा पहिले नुन पानीमा भिजाएर राख्नुपर्छ त्यसपछि साबुन वा डिटर्जेन्ट पानीमा भिजाउनुहुन्न। रङ्गीन कपडालाई छायामा सुकाउनुपर्छ।

उनी वस्त्रलाई कहिल्यै पनि रगडेर, ब्रस र कुटेर धुने वा निचोर्नुहुँदैन। यसबाट कपडा कमजोर हुने र रेशा निस्किन्छ। उनी वस्त्रको पानी निकाल्न तौलियामा बेरेर थिच्नुपर्छ। उनी वस्त्र प्रेस गर्दा उल्टाएर गर्नुपर्छ। यसलाई सम्हालेर राख्न नीमको पात, फिनाइलको चक्की, ल्वाङको थैली राख्नुपर्छ। स्वेटर, सल बेर्ने बेलामा त्यसमा पुराना अखबार लगाउनुपर्छ। यसबाट कपडामा कीरा लाग्दैन।

### दाँत दुखाइ र गिजाबाट रगत आउनु गम्भीर समस्या

इलिनोय शिकागो युनिभिर्सिटीका विशेषज्ञका अनुसार हाम्रो मुखमा ३ सयभन्दा बढी प्रकारका ब्याक्टेरिया लाखौं सङ्ख्यामा हुन्छन्। यीमध्ये केहीले मुखको स्वास्थ्य बिगार्छ। मुखको सबैभन्दा जरूरी भाग गिजा हो। यदि गिजाबाट रगत बग्छ, दुर्गन्ध आउँछ र दातको संवेदनशीलता र दुखाइ छ भने यो मुखको स्वास्थ्य खराब भएको प्रमुख लक्षण हो।



द एकेडेमी अफ जनरल डेन्टिस्ट्रिको दाबी छ कि गिजा सुन्निनु, रगत आउनु र कमजोर गिजाबाट हाड कमजोर हुन सक्छ, छालामा नराम्रो असर पर्छ जसले गर्दा मानिस बढी उमेरको देखिन थाल्छ।

गिजाको समस्याबाट पीडित व्यक्तिलाई मुटुको धमनीसँग सम्बन्धित समस्याको खतरा दुई गुना हुन्छ। मुटुको कार्य प्रणाली पनि अनियमित हुने खतरा रहन्छ। नेशनल लाइब्रेरी अफ मेडिसिनमा प्रकाशित अनुसन्धान अनुसार बङ्गारासँग जोडिएको क्रेनियल नर्भ तथा रक्त सञ्चारको माध्यमबाट मुखको ब्याक्टेरिया मस्तिष्कसम्म पुग्न सक्छ जसले गर्दा अल्जाइमर्सको खतरा बढ्छ।

जर्नल अफ नेशनल क्यान्सर इन्स्टिच्युटमा प्रकाशित शोध अनुसार गिजासँग सम्बन्धित रोगबाट पीडित पुरुषमा पेङ्क्रियाटिक क्यान्सर हुने आशङ्का ३३ प्रतिशतभन्दा बढी हुन्छ।

मुखको स्वास्थ्यको लागि खानामा फल र तरकारी सामेल गर्नुपर्छ। यसको मिनरल्सले गिजाको रोगबाट जोगाउँछ र मुखको क्यान्सरको खतरा कम हुन्छ। क्याबिटी उत्पन्न गर्ने ब्याक्टेरियाले मीठो खाद्य पदार्थलाई एसिडमा परिणत गर्छ। यसैले मीठो खाएको ५ मिनेटभित्र पानीले मुख सफा गर्नुपर्छ। भारतको नेशनल ओरल हेल्थ प्रोग्राम २०२० को रिसर्च अनुसार ९५ प्रतिशत भारतीय युवा गिजासँग सम्बन्धित समस्याबाट ग्रसित छन्। विश्व स्वास्थ्य सङ्गठनको भनाइ छ दुनियाँमा लगभग ३५० करोड व्यक्ति मुखसँग सम्बन्धित सानोठूलो रोगबाट ग्रस्तित छन्।

दाँतलाई जोडले ब्रस गर्दा दातको माथिल्लो भागमा हुने इनामेलको परतमा क्षति पुग्छ। यसै परतले क्याबिटी हुनबाट जोगाउँछ। बिस्कुट र चिप्सले पनि दाँतलाई नोक्सान पुर्‍याउँछ। यस्तो कार्बोहाइडेटको कारणले हुन्छ। टुथपेस्टमा पाइने हाइड्रोजन परआक्साइडबाट पनि दाँतमा झमझमाहट हुन सक्छ। यस्तो भएपछि टुथपेस्ट परिवर्तन गर्नुपर्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिका, बेलायत र अस्ट्रेलियाले हाइपरसोनिक मिसाइल विकास गर्ने

वाशिङ्टन, २३ चैत/सिन्हवा

संयुक्त राज्य अमेरिका, बेलायत र अस्ट्रेलियाले मङ्गलवार हाइपरसोनिक मिसाइल विकास गर्न सहकार्य गर्ने घोषणा गरेका छन्।



अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसन। तस्वीरः फाइल

त्रिपक्षीय रक्षा सहयोगको समीक्षा गरेपछि जारी गरिएको संयुक्त विज्ञप्तिमा अमेरिकी राष्ट्रपति जो बाइडेन, बेलायती प्रधानमन्त्री बोरिस जोनसन, अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले हाइपरसोनिक र काउन्टरमा नयाँ त्रिपक्षीय सहयोग शुरू गर्न आज प्रतिबद्ध रहेको बताएका छन्।

सेप्टेम्बर २०२१ मा अयुकुस (AUKUS) भनेर चिनिने सुरक्षा गठबन्धन गठन गर्ने तीन राष्ट्रका नेताले सहयोगका नयाँ घोषणा गरिएका क्षेत्रले "साइबर क्षमता, कृत्रिम बुद्धिमत्ता, क्वान्टम टेक्नोलोजी र अतिरिक्त समुद्रमुनि क्षमतामा सहयोगलाई अझ गहिरो बनाउनका लागि हाम्रा विद्यमान प्रयासहरूलाई थप्नेछ," विज्ञप्तिमा भनिएको छ।

अयुकुस अन्तर्गत संयुक्त राज्य अमेरिका र बेलायतले अस्ट्रेलियालाई आणविक शक्तियुक्त पनडुब्बी प्रदान गर्ने वाचा गरेका छन्। फ्रान्सले भने यसलाई ठूला शक्तिबीच हतियार दौडको संज्ञा दिंदै यसले थप त्रास सिर्जना गर्ने र दक्षिणपूर्वी एशियाली क्षेत्रलाई अस्थिर बनाउने टिप्पणी गरेको छ।

गठबन्धन स्थापना भएको केही समयपछि इन्डोनेशियाली विदेश मन्त्रालयले "यस क्षेत्रमा जारी हतियार दौड र शक्ति प्रक्षेपणको बारेमा गहिरो चिन्ता रहेको" बताएको छ।

यसैबीच, मलेशियाका प्रधानमन्त्री इस्माइल साबरी याकोबले आणविक शक्तिबाट चल्ने पनडुब्बी परियोजनाले "यस क्षेत्रमा थप आक्रामक कारबाही गर्न अन्य शक्तिलाई उक्साउन सक्ने" टिप्पणी गरेका छन्। रासस

## रूसमा इन्टेलको सबै व्यापार बन्द

वासिङ्टन, २३ चैत/एएनआई/स्पुतनिक

कम्प्युटर कम्पोनेन्ट र इलेक्ट्रोनिक उपकरणको विश्वको सबैभन्दा ठूलो उत्पादकमध्ये एक अमेरिकी टेक्नोलोजी कम्पनी इन्टेलले युक्रेनको अवस्थालाई लिएर रूसमा आफ्ना सबै प्रकारका व्यापारिक गतिविधि स्थगित गरेको जनाएको छ।

"तत्काल हामीले रूसमा सबै व्यापार सञ्चालन निलम्बित गरेका छौं," कम्पनीले भनेको छ।

"हामी रूसमा रहेका हाम्रा १,२०० कर्मचारीसहित हाम्रा सबै कर्मचारीलाई यो कठिन परिस्थितिमा सहयोग गर्न आग्रह गरिरहेका छौं। हामीले हाम्रा विश्वव्यापी सञ्चालनमा अवरोध कम गर्न व्यापार निरन्तरताका उपाय पनि लागू गरेका छौं," यसले भन्यो।

रूसले युक्रेनमा गत फेब्रुअरी २४ मा डोनेट्स्क र लुहान्स्क जनगणतन्त्रले युक्रेनी सेनाको तीव्र आक्रमणबाट सुरक्षाका लागि गरेको आह्वानको




जवाफमा युक्रेनमा विशेष सैन्य कारबाही शुरू गरेको थियो।

रूसी रक्षा मन्त्रालयले युक्रेनी सैन्य पूर्वाधारलाई लक्षित गर्ने विशेष अपरेशनको उद्देश्य युक्रेनलाई असैनिकीकरण गर्ने बताएको छ।

मस्कोले युक्रेन कब्जा गर्ने कुनै योजना नरहेको बताएको छ। यद्यपि पश्चिमा राष्ट्रले रूसमाथि थुप्रै प्रकारका प्रतिबन्ध लगाएका छन्। रासस

## श्रीलङ्काका राष्ट्रपतिद्वारा सङ्कटकाल खारेज

कोलम्बो, २३ चैत/एएनआई

श्रीलङ्काका राष्ट्रपति गोटाबाय



राजापाक्षेले देशभरि लगाइएको सङ्कटकाल खारेज गरेका छन्।

यही अप्रिल ५ को मध्यरातदेखि लागू हुने गरी सङ्कटकाल हटाउने निर्णय भएको अधिकारीले मङ्गलवार जानकारी दिएका छन्।

आन्दोलनमा उत्रिएका नागरिकले राष्ट्रपति निवास घेराउ गर्दै नाराबाजी गरेपछि सरकारले देशव्यापी सङ्कटकालको घोषणा गरेको थियो।

"सार्वजनिक सुरक्षालाई ध्यान दिंदै लागू गरिएको सङ्कटकाल हटाउने निर्णय भएको छ," राष्ट्रपति राजापाक्षेले भने।

आर्थिक तथा राजनीतिक सङ्कटमा परेको श्रीलङ्कामा सरकारका कारण सङ्कट उत्पन्न भएको भन्दै शुरू भएको आन्दोलन अझै पनि जारी छ।

प्रशासनिक सङ्कटकाल खारेज गरिए पनि स्वास्थ्य सङ्कटकाल भने कायमै रहेको अधिकारीले जनाएका छन्। देशभरि औषधिको अभाव भएको, थप ल्याउन नसकिएको र स्वास्थ्य सेवा प्रवाहमा पनि समस्या भएकाले स्वास्थ्य सङ्कटकाल लगाउनुपरेको सरकारी अधिकारीको भनाइ छ। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | विजय | वृष | धनलाभ |
| मिथुन | भाग्योदय | कर्कट | बेचैनी |
| सिंह | मनोरञ्जन | कन्या | कर्मप्राप्ति |
| तुला | प्रगति | वृश्चिक | वादविवाद |
| धनु | यात्रालाभ | मकर | कडापरिश्रम |
| कुम्भ | ज्ञानोदय | मीन | उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


स्वच्छ परिवार,
सुखको आधार।

वीरगंज महानगरपालिका



**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


## कोरोनाकालमा खटेकाहरूलाई लायन्सद्वारा सम्मान

प्रस, वीरगंज, २३ चैत/

लायन्स क्लब अफ वीरगंज सहयोगीले कोरोना महामारीका क्रममा अग्रपङ्क्तिमा रहेर काम गरेका व्यक्ति तथा संस्थालाई बुधवार सम्मान गरेको छ। वीरगंज, बिर्तास्थित नेपाल औषधि व्यवसायी सङ्घको कार्यालयमा कार्यक्रम गरी सम्मान गरिएको हो।

कोभिड महामारीको जोखिमका बेला अग्रपङ्क्तिमा रहेर काम गरेका चिकित्सक, नर्स, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, पत्रकार र विभिन्न संस्थाका गरी ५५ जनालाई सम्मान गरिएको लायन्स क्लब अफ वीरगंज सहयोगीका अध्यक्ष दिलपाल साहले बताए।

कार्यक्रमका प्रमुख अतिथि रमेश अग्रवालले नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्रबहादुर प्रधान, डा नीरज सिंह, डा उदयनारायण सिंह, डा राकेश तिवारी, डा जेपी जैसवाल, डा सरोजरोशन दास, डा कृष्ण अधिकारी, डा हरिशचन्द्र यादव लगायतलाई सम्मानित गरेका थिए।

जनस्वास्थ्यका विषयमा समाचार सम्प्रेषण गर्ने पत्रकारहरू तिवारी यादव, सूर्य विक र दुईवटा पत्रिकालाई पनि सम्मानित गरिएको थियो।

कार्यक्रममा नेशनल मेडिकल कलेज, स्पर्श मल्टिस्पेशलिटी अस्पताल, तराई अस्पताल, गण्डक अस्पताल, नेपाली सेना, साहिब दरबार संस्था, ग्रीन सिटी सामुदायिक केन्द्र, वीरगंज महानगरपालिका सरसफाइ शाखा र भोलेन्टिर समूहलाई सम्मानपत्र प्रदान गरिएको थियो।

प्रमुख अतिथि अग्रवालले कोरोना महामारीको जोखिमका समयमा अग्रभागमा रहेर भूमिका निर्वाह गरेका सबैको सम्मानको रूपमा बुझिदिन अनुरोध गरे।

कार्यक्रममा जनता समाजवादी पार्टीका नेता राजेशमान सिंह, लायन्स क्लबका वासु तिमिल्सिना, डिएन अग्रवाल, नेपाली सेनाका मेजर कृष्ण अधिकारीलगायतले मन्तव्य राखेका थिए।

## संस्थाका हरेक क्रियाकलाप निर्वाचनसँग जोड्नुस्- प्रमुख थपलिया

काठमाडौं, २३ चैत/रासस

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सम्पूर्ण स्रोत, साधन र जनशक्तिलाई स्थानीय तह निर्वाचनमा केन्द्रित तुल्याउन निर्देशन दिएका छन्।



बैठकमा छलफल गर्दै पदाधिकारीहरू। तस्वीरः रासस

उनले भने, "हाम्रा सबै स्रोत, साधन र जनशक्ति निर्वाचनतर्फ केन्द्रित गरी तयार गर्दै स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी र भयरहित निर्वाचन गर्नु हामी सबैको साझा दायित्व हो।"

सरकारको स्वामित्वमा रहेका सार्वजनिक सञ्चारमाध्यमका प्रमुख र प्रतिनिधिसँगको छलफलमा उनले सिङ्गो मुलुक नै निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, मितव्ययी र भयरहित तुल्याउन केन्द्रित रही अघि बढ्नुपर्ने आवश्यकता औंल्याए।

निर्वाचन प्रचारप्रसारका सन्दर्भमा कुनै पनि कमीको अनुभूति नहुने गरी उत्साहजनकरूपमा काम गर्ने सकिन्छ भन्ने सन्देश प्रवाह गर्न सुझाव दिंदै प्रमुख थपलियाले सञ्चारमाध्यमका प्रत्येक कार्यक्रम र गतिविधिलाई निर्वाचनसँग जोडेर लैजान सल्लाह दिए।

सार्वजनिक सञ्चारमाध्यम आफैं स्वायत्त र स्वतन्त्र रहेकाले आआफ्ना स्थानीय तहका संरचनामार्फत निर्वाचनसम्बन्धी समाचार सङ्कलन र प्रसारण गर्ने प्रभावकारी व्यवस्था मिलाउन सुझाव दिंदै उनले मितव्ययिताका बीच कुशलता र सक्षमता देखाएर काम गर्न सक्नुपर्छ भने।

एक प्रश्नको जवाफमा प्रमुख निर्वाचन आयुक्त थपलियाले स्वीकृत निर्वाचन कार्यतालिका एक दिन पनि प्रभावित नभएको मात्र नभई निर्वाचन सामग्री आउने र मतपत्र छपाइको काम शुरू भइसकेको जानकारी दिए।

आयोगले कर्णालीसहित दुईवटा प्रदेशको मतपत्र छपाइका लागि डिजाइन गरेकामा कर्णाली प्रदेशको मतपत्र छपाइ भइसकेको जानकारी दिएको छ।

### सुपारी आयातको अनुमति......

मरिचलगायतका वस्तुको आयात अनुमति खुल्ला गरेको थियो। राजपत्रमा नै सूचना



उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा छलफल गर्दै सहभागीहरू।

प्रकाशन भएपछि सुपारीलगायत वस्तुको आयातका लागि उद्योग विभागमा हालसम्म ४४ वटा आवेदन दर्ता भएका छन्। उद्योग विभागका महानिर्देशक राजचन्द्र तिवारीले हालसम्म ४४ वटा उद्योगले सुपारी आयातका लागि अनुमति मागेको जानकारी दिए। अनुमति पाएकामध्येबाट विभागले छवटा उद्योगलाई सुपारी आयातको अनुमति दिन वाणिज्य विभागलाई पत्राचार गरेको थियो।

उद्योगले गरेको पत्राचारका आधारमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले डाबर नेपाल प्रालि, सिजी फूड्स इन्डस्ट्रिज प्रालि, सिजी फूड्स इन्टरप्राइजेज प्रालि, सिजी फूड्स (नेपाल) प्रालि, यशोदा फूड्स प्रालि र दुगड स्पाइसेस एन्ड फूड प्रालिलाई आयातको अनुमति दिएको छ। उद्योग विभागले दिएको सिफारिशका आधारमा वाणिज्य विभागले सुपारी, मरिच र केराउ आयातको अनुमति दिने गरेको छ। केराउ र मरिच देशका लागि आवश्यक भएपनि सुपारी तत्कालका लागि आवश्यक नपर्ने छलफलमा सहभागी सांसदहरूले बताएका थिए। समितिका सदस्य एवं सांसद प्रकाश रसाइली 'स्नेही', अमृतादेवी अग्रहरी र दिलकुमारीले गुट्खा उद्योगका लागि सुपारी आवश्यक पर्ने भन्दै आयात रोक्दा समस्या नहुने धारण राखेका थिए। छलफलमा उद्योग सचिव अर्जुनप्रसाद पोखरेलले उद्योगले दिएको निवेदनका आधारमा अध्ययन गरेर आवश्यकता अनुसार आयातको अनुमति दिइएको बताए।


**मोटरसाइकल चोरीको सूचना**

२२० सिसीको बजाज कम्पनीको पल्सर मोटरसाइकल चेसिस नं MD2A13EXXMCE89596, इन्जिन नं DKXCME10800 र प्रदेश २-०३-०१८ प ८३६८ नम्बरको मोटरसाइकल २०७८/१२/२१ गते दिउँसो करीब १२:०० बजे बारा, निजगढ नपा वडा नं ८ मा रहेको समिट लघुवित्त संस्थामा पार्किङ गरिराखेको ठाउँबाटै चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा ९८२१२५४६९९/९८२४२९६९३५ नम्बरमा खबर गरिदिनुहुन अनुरोध गरिन्छ। फेला पार्नुहुनेलाई पुरस्कार पनि दिइनेछ।



**सच्याइएको**

प्रतीक दैनिकको मिति २०७८/११/२४ गते पृष्ठ नं ५ मा प्रकाशित मोटरसाइकल चोरी भएको सूचनामा चेसिस नं MD2A11CY1MPA81982 हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

**सुजीतकुमार साह**
**कलैया उपमनपा-१२, बारा**

# राजस्वले लगाएको भिसिटिएसमा समस्या यथावत् -अध्यक्ष गुप्ता

प्रस, वीरगंज, २३ चैत/

वीरगंज उद्योग वाणिज्य सङ्घका पदाधिकारीहरूले बुधवार राजस्व अनुसन्धान विभागका महानिर्देशक प्रकाश पौडेलसँग सङ्घकै कार्यकक्षमा अन्तर्क्रिया गरेका छन् ।




छलफलको क्रममा सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताले केही दिनअघि मात्रै महानिर्देशकसँग काठमाडौँस्थित उनकै कार्यकक्षमा भेटघाट गरी राजस्व अनुसन्धान विभागबाट लागू गरिएको भिसिटिएसमा हाल पनि समस्या रहेकोले सोको समाधान हुनुपर्ने, भन्सार बिन्दुमा अनलाइन हुँदा पनि भिसिटिएसमा सोही भन्सारको अनलाइनको डाटा स्वतः आउनुपर्ने, भिसिटिएसमा कुनै त्रुटि भएमा व्यवस्था गरिएको जरिवाना अत्यन्तै चर्को देखिएकोले सोलाई न्यून गर्नुपर्ने, खुद्रा सामानलाई भिसिटिएस गर्दा धेरै समस्या देखिएकाले खुद्रा सामानको हकमा भिसिटिएस लागू नहुनुपर्ने, ५० लाख रुपैयाँसम्मको कारोबारमा भिसिटिएस लागू नगरिनुपर्ने, चालकले भिसिटिएसमा लगइन गर्न नसक्ने भएकोले आवश्यक डाटाको जानकारी नहुँदा समस्या आइरहेकाले उल्लिखित समस्या समाधानका लागि महानिर्देशकबाट सार्थक पहल गर्न आग्रह गरेका थिए ।

अध्यक्ष गुप्ताले सो क्रममा नेपाल राष्ट्र बैंकले एक्कासि वाणिज्य बैंकहरूलाई अत्यावश्यक वस्तुबाहेक अन्य मालवस्तुका हकमा प्रतीतपत्र, आरटिजिएस खोल्न नपाउने गरी गरेको निर्देशनले निजी क्षेत्र थप चिन्तित भएको बताए । उनले यो घटनाक्रमबाट भविष्यलाई लिएर निजी क्षेत्र निराश र हतोत्साहित बन्न पुगेको बताए ।

सङ्घका पूर्वअध्यक्ष अशोककुमार टेमानी, नेपाल उद्योग वाणिज्य महासङ्घ–मधेस प्रदेशका अध्यक्ष गणेशप्रसाद लाठ, सङ्घका उपाध्यक्ष हरि गौतम, सचिव आशिष लाठले अवैध व्यापारलाई निरुत्साहित गर्दै वैध व्यापारलाई प्राथमिकता दिनुपर्ने, विदेशी मुद्रा सञ्चितिलाई बढाउन अनौपचारिक च्यानलबाट भित्रिने विप्रेषणलाई औपचारिक च्यानलबाट ल्याउनको लागि विप्रेषणमा लाग्ने कर राज्यको तर्फबाट बेहोर्नुपर्ने, पर्यटन प्रवर्द्धनको लागि नाकाहरूमा सुविधासम्पन्न सटही काउन्टरको व्यवस्था गर्नुपर्ने र विदेशी मुद्रा बोक्ने सीमा बढाउनुपर्ने, भिसिटिएसको सफ्टवेयर अपग्रेड गर्नुपर्ने, भिसिटिएससम्बन्धी बारम्बार सोधिने प्रश्नहरूको सूची राजस्व अनुसन्धान विभागको वेबसाइटमा राख्नुपर्नेलगायतका सुझावहरू दिएका थिए ।

राजस्व अनुसन्धान विभागका महानिर्देशक पौडेलले सङ्घबाट प्रस्तुत सुझावहरूलाई सकारात्मकरूपमा लिएको बताए । उनले भिसिटिएसमा रहेको व्यावहारिक समस्यालाई तत्कालै समाधान गरिने र नीतिगत समस्याहरूलाई सम्बन्धित निकायहरूसँगको आपसी छलफल एवं सहकार्य गरी समाधान गरिने बताए ।

स्रोतविनाको मालवस्तुसमेत ढुवानी व्यवसायमार्फत ढुवानी भइरहेकाले त्यस्ता मालवस्तुलाई व्यवस्थित तुल्याइने कार्य भइरहेको उनले जानकारी गराए ।

कार्यक्रममा सङ्घका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवालले धन्यवाद ज्ञापन गरेका थिए भने सहजीकरण मनोज उपाध्यायले गरेका थिए ।

कार्यक्रममा राजस्व अनुसन्धान कार्यालय, पथलैयाका प्रमुख राजस्व अनुसन्धान अधिकृत नारायण मैनाली, सङ्घका सचिव सुशान्त चाचान, सहसचिव प्रेमचन्द्र गोयल, कार्यसमिति सदस्यहरू राजेन्द्र गुप्ता, अञ्जु श्रेष्ठ, कमला घिमिरेलगायतको सहभागिता थियो ।

# ट्याक्टरले कुल्चिएर बालकको मृत्यु

प्रस, पंचगावाँ, २३ चैत/

सखुवाप्रसौनी गाउँपालिका–२ गुलरियामा बुधवारदेखि शुरू भएको विष्णु महायज्ञका लागि निस्केको जलयात्रामा ट्याक्टरले कुल्चिएर एकजना बालकको मृत्यु भएको छ ।

महायज्ञको लागि निस्किएको जलयात्रामा प्रदेश–२–०३–००१ त ४०९४ नम्बरको ट्याक्टरबाट कुल्चिएर स्थानीय सात वर्षीय रितेश यादवको मृत्यु भएको प्रत्यक्षदर्शीले बताए । जलयात्रामा भीड बढी भएको र वडा नं २ श्रीपुरमा पुग्दा ती बालक ट्याक्टरबाट खसेको र सोही ट्याक्टरले कुल्चिएर मृत्यु भएको प्रत्यक्षदर्शीले बताए ।

इलाका प्रहरी कार्यालय, एकटाँगाका प्रहरी नायब निरीक्षक नवलकिशोर साहले बालक ट्याक्टरमा सवार थिए र त्यसबाट खस्दा कुल्चिएर उनको मृत्यु भएको पुष्टि गरे । ट्याक्टर र चालक सखुवाप्रसौनी गापा–५ का प्रदीपप्रसाद यादवलाई इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीमा राखिएको र घटनाबारेमा अनुसन्धान भइरहेको प्रहरी चौकी रङ्गपुरटाँडीका प्रहरी सहायक निरीक्षक सरफलाल यादवले बताए ।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |




# चैती छठको रौनक बढ्दै

प्रस, वीरगंज, २३ चैत/

चैती छठ वीरगंजमा धूमधामका साथ मनाउने तयारी भइरहेको छ । विगत दुई वर्ष कोरोनाका कारण चैती छठ प्रभावित हुँदै भएको थियो ।


रक्सौल नगरपालिकाद्वारा रक्सौलस्थित सूर्यमन्दिर छठघाटको सरसफाइ हुँदै । तस्वीरः राजेश केशरीवाल

शरद ऋतुमा कात्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म र वसन्त ऋतुमा चैत शुक्ल चौथीदेखि सप्तमीसम्म समान विधिले यो पर्व सम्पन्न गरिन्छ । कात्तिकमा धूमधामका साथ र चैतमा सामान्यरूपमा मनाइने छठ विगत एक दशकदेखि वीरगंजमा धूमधामका साथ मनाउन थालिएको हो ।

खासगरी चैती छठ वीरगंजको घडीअर्वा पोखरीमा धूमधामले मनाइन्छ । यसको अलावा रानीघाट, नगवा, मुर्ली र छपकैया पोखरीमा पनि चैती छठ मनाउने गरिन्छ ।

चैती छठ अन्तर्गत मङ्गलवार नहाय खाए अर्थात् नुहाएर पवित्र भई शुद्ध खाना खाने गरिन्छ । चैत शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन विभिन्न विधिसाथ चैती छठ मनाइन्छ । आज चैती छठको दोस्रो दिन बर्तालुहरू दिनभरि जलसमेत सेवन नगरी उपवास बसे । उनीहरूले छठीमाताको पूजा गरी राति सख्खरमा पकाएको खीर अनि पुरी खाएर दोस्रो दिनको व्रत सम्पन्न गरेका थिए । यसलाई रसिआउ रोटी पनि भनिन्छ ।

भोलि बिहीवार तेस्रो दिन षष्टि तिथिमा निराहार उपवास बसेर साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर सम्पन्न गरिन्छ ।

यो दिन बर्तालुहरू दिनभरि र रातभरि उपवास बस्छन् । अस्ताउँदो सूर्यलाई अर्घ्य दिने दिनलाई साँझियाघाट पनि भनिन्छ ।

व्रतको अन्तिम दिन सप्तमी तिथिमा बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर पर्व सम्पन्न गरिन्छ । जसलाई परना पनि भनिन्छ ।

# रोटाभेटरमा पेलिएर बालकको मृत्यु

प्रस, निजगढ, २३ चैत/

निजगढ नगरपालिका–१० लालमा बुधवार रोटाभेटरमा चेपिएर आठ वर्षीय बालकको घटनास्थलमा नै मृत्यु भएको छ ।




मृत्यु हुनेमा निजगढ नपा–१० लालका विपास बमजन रहेको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ ।

प्रदेश नं २–००१ त १३१३ नम्बरको ट्याक्टरले खेतबारी जोत्ने क्रममा सोही ट्याक्टरमा चढेका बालकको ट्याक्टरमा जडान रोटाभेटरमा परी घटनास्थलमा ज्यान गएको हो ।

रोटाभेटरमा रहेका धारिलो फलामे ब्लेडमा परी बालकको शरीर क्षतविक्षत हुन पुगेको थियो ।

आफूले बारी जोतेको ट्याक्टरबाट घटना घटेपछि ट्याक्टरधनी तस्बिर सिङतान फरार छन् । उनले नै ट्याक्टर चलाएको प्रत्यक्षदर्शी दुईजना बालकले बताएका छन् । उनीहरू सोही ट्याक्टरमा मृतक बालकसँगै थिए । घटनापछि सिङतान मोबाइलमा कुरा गर्दै भागेको ती बालकहरूको भनाइ छ । तर सिङतानले भने फोनमार्फत ट्याक्टर आफ्नो नभएको र आफूले नचलाएको बताए । उनले आफूलाई घटनाबारेमा पनि केही थाहा नभएको जिकिर गरे । प्रत्यक्षदर्शी दुईजना बालकबाहेक अन्यले भने चालकको नाम पोलेका छैनन् ।

मृतककी आमा सुशीला बमजनले आफ्नो संसारै उजाड भएको र न्याय पाउनुपर्ने बताउँछिन् । घटनालाई सामसुम पार्न केही स्थानीय जनप्रतिनिधि लागिपरेको स्रोतले दाबी गरेको छ । इलाका प्रहरी कार्यालय, निजगढका प्रहरी निरीक्षक शङ्करप्रसाद चौधरीले घटनाबारेमा अहिलेसम्म किटानी जाहेरी नआएको बताए ।

किटानी जाहेरी नदिइएको कारण पनि घटनालाई ढाकछोप पार्ने काम भइरहेकोतर्फ सङ्केत गर्छ । प्रनि चौधरीले प्रहरीले आफ्नो कर्तव्य पालना गर्दै घटनाबारेमा अनुसन्धान शुरू गरेको र दोषीलाई कारबाई हुने बताए ।

# पोखरियामा जनमत पार्टीको माटो यात्रा

प्रस, पोखरिया, २३ चैत/

जनमत पार्टीले शुरू गरेको माटो यात्राको टोली बुधवार पोखरिया नगरपालिकामा आइपुगेको छ ।




पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म माटो सङ्कलन कार्य जनमत पार्टीले शुरू गरेको र सोही क्रममा पार्टी अध्यक्ष डा सिके राउतलगायतको टोली पोखरिया आएको हो । डा राउतसमेतको टोलीले पोखरियास्थित शहीद चन्दन पटेलको सालिकमा माल्यार्पण गरेको थियो । यसैगरी, ऱ्याली निकालेर वडा नं ३ स्थित रामजानकी मन्दिरबाट माटो सङ्कलन गरी फर्केको छ ।

कार्यक्रममा जनमत पार्टीका पर्सा अध्यक्ष चन्दन चौहान, सचिव विनय यादव, केन्द्रीय सदस्य वसन्त कुशवाहालगायतको सहभागिता थियो ।

**सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं ।**

- आफूले प्रयोग गर्ने मोबाइल, कम्प्युटरजस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधैं लगआउट गरौं ।
- अरूलाई आफ्नो एकाउन्टको पासवर्ड नदिउँ ।
- साथीभाइ वा अन्यको फोटो तथा भिडियो खिच्नु र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमैं चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा पोस्ट वा शेयर नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोस्ट वा शेयर नगरौं ।
- शङ्कास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं ।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुन सक्ने आपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड